**मिति २०८१ माघ १८ गते बसेको प्रदेश समन्वय परिषद्को आठौं बैठकका निर्णयहरु:-**

१. प्रदेश र स्थानीय तहको आफ्नै जग्गा नहुँदा सेवा प्रवाह, स्थानीय विकास निर्माण लगायतका विषयमा बाधा उत्पन्न भएकोले नेपाल सरकारको स्वामित्वमा रहेको सम्बन्धित स्थानीय तह वा प्रदेश भित्रको जग्गाको भोगचलन, उपयोग र स्वामित्व कानून बनाई सम्बन्धित तहलाई नै हस्तान्तरण गर्ने व्यवस्था गर्न राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय विकास समस्या समाधान समिति र प्रदेश समन्वय परिषद्को बैठकबाट पटक पटक निर्णय एवम् अनुरोध भएपनि हाल सम्म सो सम्बन्धमा कानुन निर्माण नभएकोले भूमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने।

२. नेपालको संविधानले व्यवस्था गरेको प्रदेशको अधिकार क्षेत्रमा रहेको प्रहरी प्रदेशमा समायोजन नभएको हुँदा नेपाल प्रहरीलाई प्रदेशमा समायोजन गर्ने व्यवस्थाका लागि गृह मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने। साथै ट्राफिक दण्ड जरिवाना प्रदेश सञ्चिती कोषमा दाखिला गराउने व्यवस्थाको लागि नेपाल सरकारको ध्यानाकर्षण गर्ने।

३. नेपालको संविधानमा व्यवस्था भए बमोजिम प्रदेशको एकल अधिकार क्षेत्रभित्र रहेको राष्ट्रिय वन अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र (ACAP) भित्र पर्ने वन र मनास्लु संरक्षण क्षेत्र (MCAP) भित्र पर्ने वन प्रदेश सरकार मातहत ल्याउन पहल गर्ने साथै ति क्षेत्रबाट प्राप्त हुने शुल्क, दस्तुर प्रदेश तथा स्थानीय तहलाई बाँडफाँड गर्न प्राकृतिक स्रोत तथा वित्त आयोगले समेत सिफारिस गरेकोले विगत देखिको रकम प्रदेश सञ्चिती कोषमा प्राप्त हुने व्यवस्था मिलाउन नेपाल सरकारसँग जोडदार माग गर्ने।

४. मनाङ, मुस्ताङ, गोरखा र म्याग्दी जिल्लाको उत्तरी क्षेत्रमा रहेका जग्गाको दर्ता तथा नापी नहुँदा प्रदेश तथा स्थानीय तहले फलफूलखेती बिस्तार गर्न असजता परेकोले हिमाली क्षेत्रको जग्गा उपयोग गर्ने सम्बन्धमा सहजीकरण गर्न आवश्यक नीतिगत व्यवस्था गरी कानून तर्जुमाको लागि भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने ।

५. संघ सरकारबाट आ.व. ०८०/०८१ मा समानीकरण अनुदान कटौती हुँदा प्रदेश र स्थानीय तहबाट कार्यान्वयन भएका योजनाको भुक्तानी हुन नसकेकी योजना अलपत्रमा परेको र थप दायित्व सिर्जना भएकोले अनुदानको रकम समेत शीघ्र उपलब्ध गराउन अर्थ मन्त्रालय मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने । साथै प्रदेश तथा स्थानीय तहमा कटौती भएको विशेष र समपुरक अनुदानको हिस्सा बढाउन समेत नेपाल सरकारलाई ध्यानाकर्षण गर्ने ।

६. स्थानीय तहमा कार्यरत प्रमुख प्रशासकीय अधिकृतको प्रचलीत कानून बमोजिम सरुवा नहुँदा स्थानीय तहको विकास निर्माण, सेवा प्रवाह लगायतका क्षेत्रमा समस्या पर्ने गरेकोले प्रमुख प्रशासकीय अधिकृत सरुवा गर्दा स्थानीय तहको समन्वयमा गर्नुपर्ने। साथै प्रमुख प्रशासकीय अधिकृत खटाउँदा एकमुष्ट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

७. स्थानीय तहले ढुङ्गा, गिट्टि, बालवा, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको उत्खनन तथा उपयोगबाट सेवा शुल्क दस्तुर उठाउने क्रममा देखिएको कानूनी अन्यौलतालाई सरलीकरण गरी तीन पटक सम्म पनि टेण्डर नपरेमा स्थानीय तह आँफैले वा अमानतमा दिने व्यवस्थाका लागि कानून संशोधन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

८. प्रदेश सरकारबाट हस्तान्तरण हुने अनुदानलाई स्थानीय तहको प्राथमिकता प्राप्त आयोजनामा खर्च गर्न स्थानीय तहबाट निर्णय भई प्रदेश सरकारसँग माग हुन आएका आयोजनाहरुलाई प्रदेश सरकारको आयोजना बैंकमा प्रविष्टी गरी कार्यान्वयनमा प्राथमिकता दिने र बजेट विनियोजन गर्दा सिलिङ्ग तोक्ने व्यवस्था गर्ने ।

९. नेपाल सरकारले लागु गरेको योगदानमा आधारित सामाजिक सुरक्षा कोषको स्किम भित्र अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक र मजदुर वर्गको समेत पहुँच बिस्तार गर्न तीनै तहका सरकारको भूमिका र कार्यक्षेत्रका लागि अध्ययन, अनुसन्धान गरी नीतिगत र कानूनी प्रबन्ध मिलाउन नेपाल सरकारलाई अनुरोध गर्ने।

१०. प्रदेश निजामती सेवा ऐन,२०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम नियुक्त भएका कर्मचारीहरुको औषधी उपचार, संचित विदा र उपदानको रकमको लागि कर्मचारी कल्याण कोष व्यवस्थापन गर्न प्रदेश सरकारले आवश्यक कानून तर्जुमा गर्ने।

मुख्यमन्त्री